घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| भाग २ | वर्ष ३ | अंक २६ | २०७६ असोज २ गते, विहिवार |
|---|---|---|---|

घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७६।०५।२७ मा स्वीकृत भएको अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना :**
घोडाघोडी नगरपालिका क्षेत्रभित्र सञ्चालन हुँदै आएका अटो तथा इ-रिक्सालाई व्यवस्थित गर्न अति आवश्यक देखिएकाले सोको व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी"घोडाघोडी नगरपालिका क्षेत्रभित्र अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका, २०७६ घोडाघोडी नगरपालिकाको मिति २०७६।०५।२७ गतेको कार्यपालिका बैठकबाट पारित गरी यो निर्देशिका लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**
(क) यस निर्देशिकाको नाम"घोडाघोडी नगरपालिका क्षेत्रभित्र अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका, २०७६"रहेको छ ।
(ख) यो निर्देशिका घोडाघोडी नगरपालिकाको नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा
(क) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा४ बमोजिम गठित नगरपालिका सम्झनुपर्छ ।
(ख) "नगरपालिका" भन्नाले घोडाघोडी नगरपालिका सम्झनु पर्दछ ।
(ग) "निर्देशिका" भन्नाले घोडाघोडी नगरपालिका क्षेत्रभित्र अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका, २०७६"सम्झनु पर्दछ ।
(घ) "कार्यपालिका" भन्नाले घोडाघोडी नगरकार्यपालिका सम्झनु पर्छ ।
(ङ) "प्रमुख" भन्नाले घोडाघोडी नगरपालिकाको नगर कार्यपालिका प्रमुखलाई सम्झनु पर्छ ।
(च) "उपप्रमुख" भन्नाले घोडाघोडी नगरपालिकाको नगर कार्यपालिका उपप्रमुखलाई सम्झनु पर्छ ।
(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले घोडाघोडी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

घोडाघोडी स्थानीय राजपत्र

(ज) "सवारी साधन" भन्नाले अटो तथा इ-रिक्सा सम्झनु पर्नेछ ।

**३. अटो तथा इ-रिक्सा व्यवस्थापन समिति गठन :**

(१) नगरपालिकाभित्र अटो तथा इ-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्दै सर्वसुलभ र दुर्घटनारहीत ढङ्गबाट सेवा सुचारु एवं सुव्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्न नगरपालिकामा देहायअनुसारको अटो तथा इ-रिक्सा व्यवस्थापन समिति रहनेछ :

(क) नगर प्रमुख - अध्यक्ष
(ख) नगर उपप्रमुख - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) नगर कार्यपालिका स्तरीय विषयगत समिति संयोजक - सदस्य
(ङ) अधिकृत प्रतिनिधि सम्बन्धित इलाका/जिल्ला प्रशासन कार्यालय, - सदस्य
(च) प्रमुख ईलाका प्रहरी कार्यालय - सदस्य
(छ) प्रमुख ट्राफिक चेक पोष्ट - सदस्य
(ज) अटो व्यवसायीहरूमध्ये नगरपालिकाबाट मनोनित व्यवसायी- सदस्य
(झ) यातायात कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य
(ञ) प्राविधिक शाखा प्रमुख - सदस्य
(ट) नगर यातायात व्यवस्थापन तथा नियमन सम्बन्धी हेर्ने शाखा प्रमुख - सदस्य-सचिव

(२) नियम ३ (१) ज बमोजिमको सदस्य कार्यपालिकाले तोके बमोजिमको समयसम्म वहाल रहनेछ ।

(३) नियम ३ वमोजिम गठीत समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ ।

**४. अटो तथा इ-रिक्सा व्यवस्थापन समितिको काम :**

(क) नगरपालिकाभित्र अटो तथा इ-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने ।
(ख) अटो तथा इ-रिक्साको पार्किङ्ग स्थल तोक्ने ।
(ग) अटो तथा इ-रिक्साको स्थान अनुसार भाडा दर निर्धारण गर्ने ।
(घ) सेवा क्षेत्र निर्धारण रुट/ कलस्टर अनुसार अटो तथा इ-रिक्सा संख्या तोक्ने ।
(ङ) नगरपालिकाको आवश्यक्ता अनुसारको अटो तथा इ-रिक्सा संख्या निर्धारण गर्ने ।
(च) अटो तथा इ-रिक्साको व्यवस्थापन एवं यात्रुहरू बीच भएको विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने ।

**५. दर्ता, नवीकरण र खारेजी :**

(१) प्रत्येक अटो तथा इ-रिक्सा सवारी ऐन/नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नवीकरण भै नगरपालिकामा वार्षिक रुपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ बमोजिम नगरपालिकाले तोकेको वार्षिक सवारी कर तोकिएको म्यादभित्र अनिवार्य बुझाई अटोरिक्सा नगरपालिकामा दर्ता हुनुपर्नेछ । अटोरिक्सा दर्ता गर्दा निम्न कागजात पेश गर्नुपर्नेछ :

(क) न.पा.बाट तोकिएको ढाँचामा निवेदन पेश गर्ने ।
(ख) प्रदुषण मापदण्डभित्र परेको प्रमाणित गरिदिएको पत्र ।
(ग) सक्कल भन्सार पत्र/भन्सार महशुल तिरेको रसिद ।
(घ) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र ।

बागमती स्थानीय राजपत्र

(ङ) आयकर दर्ताको कागजात/करचुक्ता प्रमाणपत्रको प्रतिलिपी/VAT दर्ताको प्रतिलिपी ।
(च) सवारी साधनको इन्जिन, चेसिसको फोटो ।
-छ) सवारी साधन कार्यालयमा ल्याई चेकजाँच गराउनुपर्ने ।
(ज) बीमाको कागजात ।
(झ) सवारी कर, आयकर तिरेको रसिद ।
(ञ) वित्तीय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरूको हकमा वित्तीय संस्थाको दर्ता प्रमाणपत्र, आयकर(PAN) करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपी ।
(ट) सवारीधनी स्वयं उपस्थित हुनपर्नेछ ।
(२) नगरपालिकामा दर्ता भई सञ्चालनमा आएका अटोरिक्सा तथा इ-रिक्साले वार्षिक रुपमा नगरपालिकामा तोकिएको सवारी कर बुझाई नवीकरण गर्नुपर्नेछ । नवीकरण गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेछ :
(क) न.पा.बाट तोकिएको ढाँचामा निवेदन पेश गर्ने ।
(ख) प्रदुषण मापदण्डभित्र परेको प्रमाणित गरिदिएको पत्र ।
(ग) दर्ता गर्दा वा अघिल्लो आ.व.मा नवीकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपी ।
(घ) सवारी साधन कार्यालयमा ल्याई तोकिएको प्राविधिक कर्मचारीबाट चेकजाँच गराउनुपर्ने ।
(ङ) बीमाको कागजात ।
(च) सवारी चालकको सवारी चालक अनुमति पत्रको प्रतिलिपी ।
(छ) सवारीधनी स्वयं उपस्थित हुनुपर्नेछ । स्वयं उपस्थित हुन नसक्ने भएमा सवारीधनीले मञ्जुरीनामा दिएको पत्र ।
(३) नियमानुसार प्रदुषण मापदण्ड पूरा नगरेको, कार्यालयमा सवारी साधन चेकजाँच गर्दा सवारी सञ्चालन गर्न उचित नदेखिएको र वार्षिक नवीकरण हुनुपर्ने समयभित्र नभई एक वर्ष म्याद नाघेको सवारी साधनलाई दर्ता खारेजी गरिनेछ । यसरी खारेजी भएका सवारी साधनहरु पुनः दर्ता हुन आएमा नियम ५ को उपनियम १ को प्रक्रिया अनुसार दर्ता हुनुपर्नेछ ।

**६. रुट निर्धारण :**

(१) नगरपालिका क्षेत्र भित्र अटो तथा इ-रिक्सा व्यवस्थापन समितिले तोके अनुसारका स्थानका लागि रुट/सेक्टरमा पार्किङ हुने गरी तोकिएको संख्यामा अटो तथा इ-रिक्साले सेवा दिने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम प्रत्येक सवारी साधनका लागि चौमासिक रुपमा नगरपालिकाले तोके बमोजिमको रुट निर्धारण शुल्क लिइ रुट निर्धारण पत्र जारी गर्नेछ । रुट निर्धारण पत्र प्रत्येक सवारी साधनले अनिवार्य बोक्नु पर्नेछ :

(२) समितिले तोकेको स्थान एवं सेक्टरमा सवारी संख्या थपघट गर्नु परेमा नियम ३ बमोजिम गठित समितिको निर्णयानुसार हुनेछ ।
(३) प्रत्येक सवारी साधनले प्रत्येक चौमासिकमा रुट परमिट लिँदा निम्नानुसार कागजात पेश गर्नुपर्नेछ ।
अटोरिक्साले रुट परमिट लिदा पेश गर्नुपर्ने कागजातहरु :
(क) न.पा.बाट तोकिएको ढाँचाको निवेदन ।
(ख) नवीकरण भएको ब्लुबुकको प्रतिलिपी । (ग) जाँचपास प्रमाण पत्र ।
(घ) बीमा (सवारी, चालक, यात्रु र तेस्रो पक्ष) भएको प्रतिलिपी ।
(ङ) माग भएको रुट खुलाउनुपर्ने ।

(च) चालकको लाइसेन्सको प्रतिलिपी र नागरिकताको प्रतिलिपी ।
(छ) तोकिए बमोजिमको दस्तुर बुझाएको नगदी रसिद ।
(ज) अर्को क्षेत्रबाट अनुमति लिई आएकोमा सो कार्यालयको सहमति पत्र ।
(झ) सवारीधनी स्वयं उपस्थित नभएमा मञ्जुरीनामा पेश गर्नुपर्ने ।
(४) अटोरिक्साको रुट परमिट सम्बन्धी अन्य व्यवस्था
(क) रुट परमिटको अवधि ४ महिनाको हुनेछ । म्याद समाप्त भएको मितिले १५ दिनसम्म परमिट नवीकरण गराइसक्नुपर्नेछ । १५ दिनपछि थप ३० दिनसम्म अर्थात् शुरु म्याद समाप्त भएको ४५ दिनसम्म दोब्बर दस्तुर तिरी नवीकरण गराउन सकिनेछ । सो म्याद पनि समाप्त भै आएपछि रु. २०००।- (अक्षेरुपी दुई हजार मात्र) थप जरीवाना लाग्नेछ ।
(ख) नवीकरण गर्न कुनै निकायबाट रोक्का नभएको हुनुपर्नेछ ।
(ग) परमिट नवीकरण गर्दा बीमा वा जाँचपास अवधिले नभ्याउने
भएमा जुन अवधि पहिला सकिन्छ सो उल्लेख गरी नवीकरण गरिदिने र पछि उक्त कागजात ल्याई आएमा बाँकी रहेको अवधि सोही दस्तुरको आधारमा नवीकरण गरिदिने ।
(घ) तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा अनुमति नलिई सञ्चालन गर्न पाइनेछैन ।

**७. चालकले पालनागर्नु पर्ने नियमहरू :**

(१) प्रत्येक सवारी चालकले निम्नानुसारको नियम अनिवार्य रूपमा पालना गर्नुपर्नेछ :
(क) सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब, बाटो इजाजतपत्र साथमा लिई मात्र सवारी चलाउनुपर्ने ।
(ख) बीमा, नवीकरण गरेको प्रमाण पत्र साथमा राखी सवारी साधन चलाउनुपर्ने ।
(ग) अटो रिक्साको यान्त्रिक अवस्था ठिक भए/नभएको चेकजाँच गरेर मात्र सवारी साधन चलाउनुपर्ने । तोकिएको भार, क्षमता र गतिमा मात्र सवारी साधन चलाउनुपर्ने ।
(घ) मादकपदार्थ तथा लागुऔषध सेवन गरी सवारी चलाउन पाइने छैन साथै प्रतिबन्धित मालसामान तथा चिजवस्तु ओसारपसार समेत गर्न पाइने छैन ।
(ङ) सवारी चलाउँदा मोबाइल फोनको प्रयोग र ठूलो आवाजमा गीत संगीत बजाएर सवारी चलाउन पाइने छैन । सडकमा ध्यान केन्द्रित गरेर सुरक्षित साथ सवारी साधन चलाउनुपर्ने ।
(च) लेन अनुसाशनको पालना गर्नुपर्ने, आफूभन्दा अगाडिको सवारी साधन Breaking Distance कायम गर्नुपर्ने ।
(छ) अटोरिक्साको अगाडिको भाग चालकको दायाँ बायाँ यात्रु तथा मालसामान राख्न पाइने छैन साथै सवारीको बाहिरी भागमा मालसामान तथा यात्रु राख्न र झुण्ड्याउन पाइने छैन ।
(ज) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिँदै यात्रुमैत्री व्यवहार गर्नुपर्ने साथै अशक्त, वृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुर्‍याउनुपर्ने ।
(झ) सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाइने छैन साथै सवारी साधन पूर्ण रुपमा रोकिएको अवस्थामा मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ ।
(ञ) रातिको समयमा यात्रा गर्दा लाइटको सही सदुपयोग गर्नुपर्नेछ ।
(ट)अटोरिक्सा तीव्र गतिमा चलाउने र आफूखुशी सवारी साधनको स्वरुप परिवर्तन गर्ने जस्ता कार्य गर्न पाइने छैन । अटोरिक्सा मुख्य सडकमा सञ्चालन गर्ने, सडकको जथाभावी प्रयोग गर्ने, शारीरिक तथा मानसिक अवस्था ठिक नभएकाले सवारी चलाउने जस्ता कार्य गर्नपाइने छैन । होसियारी पूर्वक सवारी साधन चलाउनुपर्नेछ ।

(ठ)सवारी दुर्घटना, सवारी आवागमन अवरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र नगर कार्यपालिका कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

**८.यात्रु सुरक्षा :**

यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु/गराउनु पर्नेछ :

(१) अटो रिक्साको दाहिने तर्फबाट यात्रु चढ्ने झर्न नमिल्ने वनाउनु पर्ने ।

(२)स्थान अनुसारको भाडा दर उल्लेख गरि सवारी साधनमा देखिने गरि टाँस्नु पर्ने ।

(३)अटो रिक्सामा राखिएका साउण्ड सिस्टम पूर्णरुपमा हटाउनु पर्ने ।

(४) यात्रुहरुले यात्राका बखत जथाभावि फोहर नफाल्ने व्यवस्था मिलाउनु पर्ने ।

(५)पार्किङ स्थल र अटो पार्क समितिले निर्धारण गर्ने ।

**९. विमा सम्बन्धि व्यवस्था :**

१.सवारी साधन वा व्यवस्थापकलाई वीमा वापतको रसिद मात्र काटेको आधारमा दुर्घटना भएपछि वीमित रकम नपाएने हुनाले अनिवार्य रुपमा सम्बन्धित वीमा कम्पनी संग सो रकम बराबरको वीमा पोलिसी वा प्रमाण पत्र लिनु पर्ने अन्यथा दुर्घटना वापतको क्षतिपूर्ति नपाइने व्यहोराको जानकारी दिनु पर्ने छ । कार्यालयमा वीमा पोलिसी कागजात पेश नगरेमा कार्यालयबाट सम्पादन हुने सवारी सम्बन्धि कुनै पनि सेवाहरु प्रदान गरिने छैन ।

२.प्रत्येक सवारीले ऐन नियमावलीले तोके वमोजिमका दुर्घटना वीमा,मजदुर वीमा,तेस्रो पक्ष वीमा आदिको वीमा गरेको हुनु पर्ने छ ।

३.बाटो ईजाजत जारी वा नविकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा वीमाको नाम र वहाल अवधि जनाउनु पर्ने छ

**१०. जरिवाना सम्बन्धि व्यवस्था :**

१.सवारी दर्ता,अनुमति नलिइ हेरफेर (रंग,सिट,स्वरुप,इन्जिन,चेसिस)आवागमनमा बाधा पुऱ्याएमा १ हजार देखि ५ हजार सम्म जरिवाना हुनेछ ।

२.तपशिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले नियमानुसार जरिवाना गर्ने छ सो रकम तत्काल वुझाउन नसक्नेलाई २४ घण्टाभित्र सम्बन्धित न.पा.को कार्यालयमा पठाउनु पर्ने छ र न.पा.ले कसुर खुलाई ट्राफिक प्रहरीको पुर्जाको आधारमा पहिलो पटक रु १५००।दोस्रो पटक रु २०००।तेस्रो पटक रु २५००।र त्यस पछि पटकै पछि दोब्बर जरिवाना गरि सचेत गराउन सक्ने छ ।

क.ट्राफिक संकेत वा ईशारा उलंघन गरि चलाएको ।

ख. पार्किङ निषेध गरिएको ठाउँ वा समयमा पार्किङ गरेमा ।

ग.सवारी मोड्न वा ध्वनी संकेत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनी संकेत दिएमा ।

घ.गलत साईडतर्फ सवारी लचाएमा ।

ङ.एकतर्फि सडकमा सो विपरित चलाएमा ।

च. अवस्था ठिक नभएको सवारी चलाएमा ।

छ.निर्धारित गति भन्दा बढि गतिमा सवारी चलाएमा ।

ज. राती बत्ती नवाली सवारी चलाएमा ।

झ.मादक पदार्थ सेवन गरि सवारी चलाएमा ।

ञ.नम्बर प्लेट नराखी सवारी चलाएमा ।

ट.निर्धारित सिट भन्दा बढि यात्रु राखि चलाएमा ।

ठ.सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा ।

ड.निर्धारित भाडा दर भन्दा बढी भाडा लिई सवारी चलाएमा ।
ढ. लापरवाही साथ सवारी चलाएमा ।
ण.बाटो इजाजत पत्र नलिई सार्वजनिक सवारी चलाएमा ।
त.चालक अनुमति पत्र साथमा नराखी सवारी चलाएमा ।
थ.प्रचलित कानूनमा उल्लेख भएका अन्य व्यवस्था उल्लंघन गरेमा ।

**११. जाँचपास सम्बन्धी व्यवस्था :**

(१) प्रत्येक अटोरिक्साले ६/६ महिनामा अनिवार्य रुपमा कार्यालयमा सवारी साधन ल्याई सम्बन्धित प्राविधिकबाट जाँचपास गराउनुपर्नेछ । दस्तुर रु. २००।- लाग्नेछ ।
(२) जाँचपास अवधि सकिएको ७ दिनभित्र जाँचपास गराउनुपर्नेछ । सो अवधी नाघी आएमा थप ३५ दिनसम्म दोब्बर दस्तुर लाग्नेछ । सो अवधि पनि नाघि आएमा दोब्बरका अतिरिक्त थप रु. ५०००।- सम्म जरिवाना लाग्नेछ ।
(३) जाँचपास गर्न न.पा.ले तोकेको मापदण्ड पूरा भएको हुनुपर्नेछ ।

**१२. भाडादर :**

नगरपालिकाभित्र सञ्चालन हुने सवारी साधनले तोकिए बमोजिमको अधिकतम भाडादर लिई यातायात सेवा दिनुपर्नेछ । तोकिएको भाडादर भन्दा बढी असुल गरेको पाइएमा नियम १० को उपनियम २ बमोजिमको दण्ड सजाय तथा जरिवाना नगरपालिकाले तोकिएको कर्मचारीले जरिवाना गर्न सक्नेछ ।

(१) पिच गरिएको सडकमा सवारी साधनमा यात्रा गरे वापत प्रत्येक यात्रीमा न्यूनतम रु. १० र त्यसपछि प्रति किलोमिटर थप रु. ५ का दरले भाडादर कायम हुनेछ ।
(२) कच्ची सडकमा सवारी साधनमा यात्रा गरे वापत प्रत्येक यात्रीमा न्यूनतम रु. १२ र त्यसपछि प्रति किलोमिटर थप रु. ८ का दरले भाडादर कायम हुनेछ ।
(३) सेक्टर/रुट अनुसारको भाडादर नियम ३ को उपनियम १ बमोजिम गठित समितिले तोके बमोजिम कायम हुनेछ ।
(४) भाडादर परिवर्तन गर्नुपर्ने अवस्था आएमा नियम ३ को उपनियम १ बमोजिम गठित समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।

**१३. अनुगमन** :ट्राफिक प्रहरी र न.पा.ले उल्लेखित कार्यविधि बमोजिम अटोरिक्सा सञ्चालन भए नभएको अनुगमन गर्न सक्नेछ ।

**१४. विविध** :यस कार्यविधिमा उल्लेख नभएका विषयहरु सवारी तथा यातायात व्यवस्था ऐन नियम तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछन् ।

घोडाघोडी स्थानीय राजपत्र

अनुसूचि १
दफा ५ संग सम्बन्धित
अटो तथा इ-रिक्सा दर्ता गर्नको लागि निवेदनको ढाँचा

मिति :.............

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
घोडाघोडी नगरपालिका,सुखड,कैलाली

विषय :अटो तथा इ-रिक्सा दर्ता गरि पाउँ ।

उपर्युक्त सम्बन्धमा मेरो/हाम्रो नाममा रहेको निम्नानुसारको सवारी साधन त्यस नगरपालिका क्षेत्र भित्र......................................................रुटमा संचालन गर्न देहायका विवरण संलग्न राखी रु.............................................................................को राजश्व दाखिला भौचरको प्रतिलिपि संलग्न राखी स्वयम् उपस्थित भइ पेश गरेको छु/छौ ।

तपशिल :
१. सवारी धनिको नाम :.................................................
२.सवारी साधन नं.................................
३.इन्जिन नं..........................................
४.चेसिस नं...........................................

संलग्न कागजातहरु:
क.सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
ख.सवारी चालक अनुमति पत्रको पतिलिपि ।
ग. प्रदुषण मापदण्डभित्र परेको प्रमाणित गरिदिएको पत्र ।
घ. सक्कल भन्सार प्रज्ञापन पत्र/भन्सार महशुल तिरेको रसिद प्रतिलिपि ।
ङ. फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
च. आयकर दर्ताको कागजात/करचुक्ता प्रमाणपत्रको प्रतिलिपी/VAT दर्ताको प्रतिलिपी ।
छ. बीमाको कागजातको प्रतिलिपि ।
ज. वित्तीय संस्थाबाट ऋण लगानी भै दर्ता हुनेहरूको हकमा वित्तीय संस्थाको दर्ता प्रमाणपत्र, आयकर(PAN) करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपी ।
झ.नागरिकताको प्रतिलिपि ।
ञ.दुइ प्रति पासपोर्ट साइजको फोटो ।

निवेदकको दस्तखत
नाम थर..............
सम्पर्क नं ...........

घोडाघोडी स्थानीय राजपत्र

मिति ....................

अनुसूचि-२

रुट परमिट किताबको ढाँचा

| | |
|---|---|
| **घोडाघोडी नगरपालिका**<br>**सुखड, कैलाली,**<br>**सुदूर पश्चिम प्रदेश, नेपाल** | फोटो<br>सवारी दर्ता नं...........................<br>सवारी धनिको नाम.....................<br>वतन..................................... |

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र

घोडाघोडी स्थानीय राजपत्र